सिक्किम राज्य कानूनी सेवा प्राधिकरण

# "महिलाहरूका निम्ति राष्ट्र कानूनी सेवा"

संवैधानिक मुख्य प्रावधानहरू भारतीय महिलाहरूका निम्ति :

भारतीय संविधानको प्रस्तावनामा स्त्री पूरूषलाई बराबरीको दर्जा, स्वतन्त्रताको अधिकार, समानताको दायित्व अनि राज्यका लागी नीति निर्देशन सिधान्तहरू उल्लेख गरिएको छ। संविधानले नारी जातिलाई केवल बराबरीको हक मात्र दिएको छैन तर राज्यलाई अझ बढ़ि यो अधिकार पनि प्रदान गरेको छ कि नारी जातिको हितमा भेद भाव नाश गर्ने खालका सकरात्मक विधि समाजिक-आर्थिक, शिक्षा अनि राजनैतिक असुविधाको सामना गर्नु परेमा, मौलिक अधिकार एका-अर्कामा, कनूनी तौरमा समान्ता एवं कानूनी तौरमा संरक्षण, कुनै नागरीक केवल धर्म, कुल, जाति, लिंग, जन्मस्थान वा यिनीहरूमध्ये कुनै पनि आधारमा संवैधानिक तौरमा विभेद गर्ने छैन्। हाम्रा कानूनहरू नीतिक निदेशक सिधान्तहरू प्रगती, योजना एवं कार्यक्रम नारी जातिलाई विभिन्न क्षेत्रमा भारतले विभिन्न अन्तराष्ट्रीय समागममा एवं मानव अधिकारको लिखित घोषणामा महिला जातिलाई समान अधिकार दिएको विषय उल्लेख छ ।

**महिलाहरूका निम्ति संवैधानिक प्रावधानहरू**

१. कानून समक्ष नारीहरू समानता छन् । (अनुच्छेद १४)

२. राज्यले कुनै नागरिक विरूद्ध केवल धर्म, कुल, जाति, लिंग, जन्मस्थान वा यिनीहरूमध्ये कुनैको पनि आधारमा विभेद गर्ने छैन् (अनुच्छेद १५ (१))

३. यस अनुच्छेदको कुनै कुराले राज्यका स्त्रीहरू वा बालकहरूका निम्ति कुनै विशेष उपबन्ध गर्नबाट बंचित गर्नेछैन् (अनुच्छेद १५ (३))

४. राज्यको अधिन कुनै पनि पदमा नियोजन तथा नियुक्तिसँग सम्बन्धित बिषयहरूमा सबै नागरीकहरूका निम्ति समान अवसर हुने छ। (अनुच्छेद १६)

५. समान न्याय र नि:शुल्क विधिक सहायता राज्यले समान अवसरको आधारमा न्याय सुलभ होस भनी विधिक व्यवस्था चलाउने कार्यलाई सुनिश्चित गर्ने र विशिष्टतया यो सुनिश्चित गर्नका निम्ति आर्थिक वा कुनै अरू अयोग्यताको कारणले कुनै नागरिक न्याय प्राप्त गर्ने अवसरबाट बंचित नरहोस। उपयुक्त विधान वा योजनद्धारा वा कुनै रीतिले नि:शुल्क विधिक सहायताको व्यवस्था गर्ने छ । (अनुच्छेद (३९) घ)

६. राज्यले कामको न्यासंगत र मानवोचित स्थितिहरूलाई सुनिश्चित गर्नका निम्ति र प्रसूति सहायताको निम्ति उपबन्ध गर्ने छ । (अनुच्छेद ४२)

७. राज्यले जनताका दुर्बलवर्गको विशिष्टतया, शिक्षा र अर्थ सम्बन्धी हितहरूको विशेष सावधानीसँग अभिवृद्धि गर्ने छ अनि समाजिक अन्याय र सबै प्रकारको शोषणबाट तिनीहरूको संरक्षा गर्नेछ । (अनुच्छेद ४६)

८. पोषाहार स्तर र जीवन स्तरलाई अघि बढ़ाउने तथा लोक स्वास्थ्यको सुधार गराउने राज्यको कर्तब्य हो। (अनुच्छेद ४२)

९. भारतका सबै मानिसहरूमा समरसता र समान भातृत्वको भावना निमार्ण गरूण जुन धर्म, भाषा र प्रदेश वा वर्गमा आधारित सबै भेदभावले अलग होस् यस्ता प्रथाहरूलाई त्याग गरून जुनचाहि स्त्रीहरूका समानको विरूद्ध छ। (अनुच्छेद ५१ (ए) ङ)

१०. कम्तीमा एक तिहाई (अनुसूचित जातिहरू र अनुसूचित जन जातिहरूको नारीरूका आसन सुरक्षा पनि समावेश छन्।) सम्पूर्ण कूल आसनको प्रतेक पंचायतमा सोझै मनोनित गरी सो स्थान पूर्ति स्त्री